# रासीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४

| | | |
|---|---|---|
| | | लालमोहर र प्रकाशन मिति |
| | | २०२४।७।६ |
| संशोधन गर्ने ऐन | | |
| १. | केही नेपाल कानून (संशोधन) ऐन, २०२५ | २०२५।१२।२८ |
| २. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| ३. | विशेष अदालत ऐन, २०३१ | २०३१।६।२० |
| ४. | न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।४।१० |
| ५. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ६. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ७. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६➧ | २०६६।१०।७ |
| ८. | लैंङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

२०२४ सालको ऐन नं. २३

2..................

रासीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ अन्तर्गत प्रादेशिक विकास योजना (रासीदूनको जमीन वितरण) नियम, २०१३ बमोजिम बिक्री वितरण भएको जमीन बिक्री वितरणमा पाउनेहरुको अधिकारमा नरही जग्गा अरु नै व्यक्तिहरुको हातमा पर्न गएकोले सर्वसाधारण जनताको सुविधा र

➧ यो ऐन संवत् २०६५ साल जेठ १५गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

आर्थिक हित कायम राख्न त्यस्ता जग्गालाई न्यायोचित रुपले बिक्री वितरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन अनुसूचीमा उल्लेखित क्षेत्रमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "विकास क्षेत्र" भन्नाले अनुसूचीमा उल्लिखित चार किल्लाभित्रको जग्गा सम्झनु पर्छ ।

(ख) "नियम" भन्नाले प्रादेशिक विकास योजनाहरु (कार्यान्वित) गर्ने ऐन, २०१३ अन्तर्गत बनेको नियम सम्झनु पर्छ ।

(ग) "परिवार" भन्नाले कुनै व्यक्ति र निजको देहायका अवस्थामा अरु नातेदारलाई समेत जनाउँछः–

(१) अंश छुट्टिएको वा नछुट्टिएको पति वा पत्नी,

(२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको १६ वर्ष उमेर नपुगेका छोरा, [५]छोरी

(३) σ...............

[५] लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) मानो छुट्टी वा नछुट्टी सगोलमा बसेका अंशियारहरु,

(घ) "कमिशन" भन्नाले नेपाल सरकारद्वारा विकास क्षेत्रमा काम गर्नको लागि समय समयमा गठन गरिएको वा गरिने कमिशनलाई सम्झनु पर्छ ।

(ङ) "वन" भन्नाले वन ऐन, २०४९ लागू हुने वनलाई सम्झनु पर्छ ।

(च) "सूचित आदेश" भन्नाले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचना सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## कमिशनको गठन र अधिकार क्षेत्र आदि

३. कमिशनको गठनः (१) यो ऐन बमोजिम विकास क्षेत्रको जग्गा छानबिन गरी पुनः बिक्री वितरण गर्न आवश्यक भएको छ भन्ने नेपाल सरकारलाई लागेमा सूचित आदेशद्वारा एकजना वा तीनजना सदस्यहरु भएको एक कमिशन गठन गर्न सक्नेछ ।

(२) तीनजना सदस्य भएको कमिशन गठन भएमा नेपाल सरकारले तोकिदिएको सदस्य अध्यक्ष हुनेछ र कमिशनको निर्णय बहुमतले हुनेछ ।

(३) तीन सदस्य भएको कमिशन भएमा अध्यक्ष र एकजना सदस्य उपस्थित रहेमा पनि कमिशनले आफ्नो काम कारबाई र निर्णय गर्न सक्नेछ ।

---

σ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

तर राय बाझिन गएमा तीनैजना सदस्य उपस्थित भै बहुमतको निर्णय अनुसार हुनेछ ।

४. <u>जग्गा प्राप्त गर्न प्रतिबन्धः</u> (१) यो ऐन लागू भएपछि गठन हुने कमिशनका कुनै सदस्य वा कर्मचारीले विकास क्षेत्रको जग्गा यस ऐन बमोजिम पुनः बिक्री वितरण हुँदा आफू वा आफ्ना परिवारका नाउँमा वा आफू र आफ्नो परिवारका निमित्त अरु कुनै व्यक्तिको नाउँमा जग्गा प्राप्त गर्न सक्ने छैन ।

(२) उपदफा (१) को विरुद्ध कसैले जग्गा प्राप्त गरेमा सो जग्गा जफत भई प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

५. <u>कमिशनको अधिकार क्षेत्रः</u>☑(१) कमिशनले विशेष अदालत ऐन, २०५९ अन्तर्गतको कार्य प्रणाली अपनाई कारबाई गर्न सक्नेछ ।

(२) कमिशनले आफ्नो आन्तरिक वा प्रशासकीय रुपको कार्य कुनै सदस्य वा कर्मचारीलाई लिखित रुपमा प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कमिशनले आफ्नो काम सुचारु रुपले चलाउन आन्तरिक नियमहरु बनाउन सक्नेछ ।

६. <u>मुद्दा सर्नेः</u> (१) विकास क्षेत्रको जग्गाको सम्बन्धमा सर्वोच्च अदालत वा आय र कर अदालत बाहेक अन्य अड्डा अदालतमा छिन्न बाँकी रहेका दायरी मुद्दाहरु यो ऐन प्रारम्भ भएपछि गठन भएको कमिशनमा सर्नेछन् ।

(२) कमिशन विघटन भएमा कमिशनमा रहेका छिन्न बाँकी मुद्दाहरु □<u>जिल्ला अदालतमा</u> सर्नेछन् र सो अदालतबाट यसै ऐन अन्तर्गत कारबाई किनारा हुनेछ ।

७. <u>सदस्यहरु हेरफेर र कमिशन विघटन गर्नेः</u> नेपाल सरकारले सूचित आदेशद्वारा सदस्यहरु हेरफेर गर्न वा कमिशन विघटन गर्न सक्नेछ ।

---

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

□ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित ।

८. कमिशनको मान्यताः यो ऐन लागू हुनुभन्दा अघि गठन भएको कमिशनले सम्वत् २०२० साल पौष १९ गते रोज ६ का मिति देखि गरेको काम कारबाई यस ऐनको विपरीत रहेनछ भने यस ऐन अन्तर्गत गरेको मानिनेछ र विपरीत रहेछ भने कमिशनले त्यस्तो जग्गा जफत गर्न सक्नेछ ।

९. पुनरावेदनः यो ऐन अन्तर्गत कमिशनले गरेको अन्तिम निर्णय वा फैसला उपर ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

परिच्छेद–३

विकास क्षेत्रको जग्गामा छानबिन गर्ने अधिकार

१०. विकास क्षेत्रको जग्गाको छानबिनः कमिशनले विकास क्षेत्रको जग्गाका सम्बन्धमा देहाय बमोजिम जाँचबुझ गरी देहाय बमोजिम ठहरेमा कमिशनले त्यस्तो जग्गा जफत गर्न सक्नेछः–

(क) नियम बमोजिम जग्गा प्राप्त नगरेकोमा,

(ख) नियम बमोजिम जग्गा प्राप्त गरेको भए नियमद्वारा निर्धारित शर्तहरु पालन नगरेकोमा,

तर त्यस्तो जग्गा नेपाल सरकारले जफत हुँदाको बखत जसको भोग चलनमा छ सो व्यक्तिलाई प्रचलित नेपाल कानून बमोजिम भोग चलनसम्म गर्न दिन सक्नेछ ।

११. कुनै किसिमको हक दाबी नपुग्ने र मूल्य फिर्ता पाउनेः नियम बमोजिम जग्गाको मोल बुझाई सकेको तर जग्गा नपाएको व्यक्तिले सूचित आदेशमा तोकिए बमोजिम (ऋण लिएको भए सो समेत कट्टा गरी) अघि बुझाएको मोल फिर्ता पाउनेछ ।

परिच्छेद–४

जग्गाको बिक्री वितरण

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१२. जग्गाको बिक्री वितरणः (१) यो ऐन बमोजिम जफत भएको जग्गा कमिशनले दफा १३ को अधीनमा रही देहाय बमोजिम बिक्री वितरण गर्नेछः–

(क) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले नियम बमोजिम जग्गा पाइ आफैले सो जग्गा आबाद गरी कमाई आएको रहेछ भने सो जग्गा भोगचलन गरी कमाउने व्यक्ति वा परिवारलाई,

(ख) यो ऐन प्रारम्भ हुनुभन्दा अघि एउटै जग्गा एक वा एकभन्दा बढी परिवार वा व्यक्तिले पाएको रहेछ भने त्यस्तो परिवार वा व्यक्तिहरुमध्ये जसले सो जग्गा आबाद गरी कमाई आएकोछ सो परिवार वा व्यक्तिलाई,

तर त्यस्ता परिवार वा व्यक्तिहरुमध्ये पहिले जसले जग्गा आवाद गरी कमाई आएको थियो त्यस परिवार वा व्यक्तिलाई जबरजस्ती गरी हटाई अर्काले पछि कमाई आएको भए अघि आबाद गरी कमाउने परिवार वा व्यक्तिलाई,

(ग) कुनै व्यक्ति वा फर्म वा संस्थाले कुनै निश्चित कार्यक्रम तथा योजनाको निमित्त लगाउने शर्तमा यो ऐन जारी हुनु भन्दा अघि नियम बमोजिम जग्गा पाएकोमा सो शर्त बमोजिम नगरी अर्कालाई कमाउन दिएको रहेछ भने त्यस्तो जग्गा खूद कमाउने परिवार वा व्यक्तिलाई,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिएको अवस्थामा बाहेक विकास क्षेत्रमा जग्गावाला वा मोहीको रुपमा जग्गा भोग चलन नगरी यो ऐन जारी भएको अघिल्लो दिनसम्म कुनै व्यक्ति वा परिवार कुनै जग्गामा बसोबास गरिरहेको भए सो जग्गा त्यस्तो परिवार वा व्यक्तिलाई ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) ..................

(३) कुनै खास जग्गा नतोकी कुनै परिवार वा व्यक्तिले जग्गा बिक्री वितरणको पूर्जासम्म प्राप्त गरेको तर जग्गा भोग चलन गरेको रहेनछ भने वा साबिक सन्धिसर्पन गौचर बाटो इत्यादि रहेको जग्गाको पूर्जा प्राप्त गरेको रहेछ भने यो ऐन जारी भएपछि त्यस्तो पूर्जा स्वतः बदर हुनेछ ।

(४) विकास क्षेत्र नियम बमोजिम जग्गा प्राप्त गरी भोग चलन गरिरहेका व्यक्ति वा परिवारले यस दफा अन्तर्गत बिक्री वितरणमा जग्गा प्राप्त गर्न सक्ने छैन ।

१३. जग्गा बिक्री वितरणको मुख्य शर्तहरुः (१) यस ऐन बमोजिम बिक्री वितरण हुने जग्गाहरु तल लेखिएको शर्त बन्देजको अधीनमा रही बिक्री वितरण भएको मानिनेछः–

(क) जग्गा पाउने परिवार वा व्यक्ति दफा १२ बमोजिमको अवस्थाको प्रमाणित नभएमा पछि जग्गा छाड्ने र सो बापत कुनै सहुलियत वा क्षतिपूर्ति नपाउने,

(ख) वन वा वन सिमाना कायम गर्न वा गैंडाको सुरक्षाको निमित्त सो जग्गाको आवश्यकता भएमा नेपाल सरकारले तोकिदिएको म्यादभित्र सो जग्गा खाली गर्ने ।

तर त्यसरी जग्गा खाली गराएकोमा नेपाल सरकारले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनेछ ।

(२) कमिशनले जाँचबुझ गर्दा उपदफा (१) को खण्ड (क) को शर्त उल्लङ्घन गरेको ठहराएमा जग्गा जफत गर्न आदेश दिन सक्नेछ । सो आदेश उपर ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

१४. जग्गा पाउनेले पालन गर्नु पर्ने शर्तहरुः (१) यो ऐन अन्तर्गत बिक्री वितरणमा जग्गा पाउने परिवार वा व्यक्तिले नेपाल सरकारलाई बुझाउनु

केही नेपाल कानून (संशोधन) ऐन, २०२५ द्वारा खारेज।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पर्ने जग्गाको मोल नबुझाएसम्म वा आबाद हुनुपर्ने अवस्थाको जग्गा आबाद गरी ३ वर्षसम्म आफैले भोग चलन नगरेसम्म यो जग्गा अरुलाई बिक्री वा दान बकस दिन पाउने छैन ।

(२) उपदफा (१) उल्लङ्घन गरी कसैले कुनै काम गरेमा सम्बन्धित जग्गाको हक नेपाल सरकारमा सर्नेछ र सो जग्गा नेपाल सरकारले यो ऐन बमोजिम पुनः बिक्री वितरण गर्न सक्नेछ ।

(३) यो ऐन बमोजिम जग्गा पाउनेले जग्गाको मूल्य ३ वर्षभित्र तीन बराबर किस्तामा तोकिएको म्यादभित्र तोकिएको अड्डा वा अधिकारी समक्ष बुझाउनु पर्छ ।

तर कसैले एकमुष्ट वा तीन वर्ष भन्दा थोरै अवधिमा बुझाउन चाहेमा सो बमोजिम बुझाउन पाउनेछ ।

## परिच्छेद–५

## जग्गाको दर्ता सम्बन्धी व्यवस्था

१५. जग्गाको दर्ता राख्नेः यस ऐन बमोजिम बिक्री वितरण हुने जग्गाको दर्ता राख्ने सम्बन्धमा कमिशन वा तोकिएको अधिकारी वा अड्डाको निम्नलिखित अधिकार हुनेछः–

तर कमिशनको कार्यालयमा तोकिएको अधिकारी वा अड्डालाई सो अधिकार प्राप्त हुने छैन ।

(क) आवश्यकतानुसार सामूहिक वा व्यक्तिगत सूचना दिई सम्बन्धित व्यक्तिहरुबाट आवश्यक कुराहरु बुझ्ने, विवरण लिने र कागजपत्रहरु पेश गर्न लगाउने ।

(ख) बिक्री वितरण नभइसकेको अवस्थामा परेका उजूरी निवेदन किनारा लगाउने ।

(ग) विकास क्षेत्रभित्रको जग्गा वितरणका सम्बन्धमा नेपाल सरकारले समय समयमा सुम्पिएका अरु आवश्यक काम कारबाई गर्ने ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१६. <u>जग्गा दर्ता, पोत मिन्हा र पोत असुली:</u> (१) जग्गा बिक्री वितरणमा पाउने व्यक्तिको नाममा स्थानीय माल अड्डामा जग्गा तोकिए बमोजिम दर्ता गरिनेछ ।

(२) यस ऐन बमोजिम जग्गा पाउनेले जग्गा पाएको पहिलो सालको पोत बुझाउनु पर्ने छैन । दोस्रो साल देखि सर्भे वा मोठको आधारमा सूचित आदेश बमोजिमको मालपोत जग्गा पाउने व्यक्तिले स्थानीय माल अड्डामा बुझाउनु पर्नेछ ।

(३) कसैले उपदफा (२) बमोजिम मालपोत नबुझाएमा मालपोत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>तोकिएको अधिकारी वा अड्डाको अधिकार क्षेत्र:</u> कसैले यो ऐन वा यस ऐन अन्तर्गतको सूचित आदेशको उल्लङ्घन गरेमा तोकिएको अधिकारी वा अड्डाले जग्गा जफत गर्न वा रु. ५००।– सम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो निर्णय वा फैसलामा चित्त नबुझ्ने पक्षले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद–६

<u>विविध</u>

१८. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको उद्देश्यहरु पूर्तिको निमित्त नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

१९. <u>बाझिएमा गर्ने:</u> यो ऐन र यस ऐन अन्तर्गत निकालिएको नियम वा सूचित आदेशहरुमा लेखिए जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्यः</u>- (१) विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९"

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(३) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर गरिएका शब्दहरुः-

## अनुसूची

दफा १ (२) सँग सम्बन्धित

पूर्व पट्टि हर्जा माठी र गोठ दमार डाँडा, दक्षिण पट्टि सानो तथा ठूलो चुरीया अंवुवा चौकी शोमेश्वर पर्वत नारायणीको किनारासम्म, उत्तर पट्टि गोठ दमार डाँडा सुपारीटार, भैरव डाँडा र अरु महाभारतको दक्षिण शाखाका पाखाहरु र नारायणगढ र मस्यौङ्ग, पश्चिम पट्टि नारायणी, नारायणी रासीको सङ्गमसम्म ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"वन ऐन, २०१८"को सट्टा "वन ऐन, २०४९"।

(४) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत"।

*(मिति २०८१।११।१९ गते अद्यावधिक गरेको)*